प्रति साधारण शेयर रु.१००/- अंकित दरको ७५,४०,३५२.७३ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.
पो.ब.नं. २५९४३, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ फोन नं.: ४४३०२७०,४४१०११५ फ्याक्स नं.: ४४४२१३८
कम्पनीको रजिष्टर्ड कार्यालयः वडा नं. ७, मेनरोड, बीरगंज, पर्सा
Email:asianlife@asianlife.com.np, Website:www.asianlife.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मितिः २०७५/१२/२५ गते

निष्काशन बन्द हुने मितिः २०७६/१/२९ गते

(बैकिंग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ ०.६ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,२५,६७,२५४५४.४०/- को एक शेयर बराबर नयाँ शुन्य दशमलब छ शेयर (१ : ०.६) को अनुपातमा रु.१००/- अंकित दरका ७५,४०,३५२.७३ कित्ता हकप्रद साधारण शेयर मिति २०७५/११/२१ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. (Asian Life Insurance Company Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका वडा नं.७, मेनरोड, वीरगञ्जमा रहेको छ। साथै कम्पनीको मुख्य कारोवार गर्ने कर्पोरेट कार्यालय मैतिदेवी, काठमाण्डौमा रहेकोछ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौमा रहेकोछ। बीमा समितिको स्वीकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकतानुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ। यस कम्पनीले हाल निम्न स्थानहरुमा शाखा कार्यालयहरु खोली कारोवार सञ्चालन गर्दै आइरहेकोछ।

क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना
१	शाखा कार्यालय, बनेपा, काभ्रे	८	शाखा कार्यालय, विराटनगर	१५	शाखा कार्यालय, धनगढी	२२	शाखा कार्यालय, टीकापुर
२	शाखा कार्यालय, काठमाण्डौ	९	शाखा कार्यालय, नारायणगढ, चितवन	१६	शाखा कार्यालय, हेटौडा	२३	शाखा कार्यालय, जावलाखेल
३	शाखा कार्यालय, सुर्खेत	१०	शाखा कार्यालय, नेपालगञ्ज	१७	शाखा कार्यालय, लहान	२४	शाखा कार्यालय, पाल्पा
४	शाखा कार्यालय, बुटवल, रुपन्देहि	११	शाखा कार्यालय, धरान, सुनसरी	१८	शाखा कार्यालय, नुवाकोट	२५	शाखा कार्यालय, घोराही
५	शाखा कार्यालय, दमक, झापा	१२	शाखा कार्यालय, दाङ्ग	१९	शाखा कार्यालय, जनकपुर	२६	शाखा कार्यालय, जुम्ला
६	शाखा कार्यालय, महेन्द्रनगर	१३	शाखा कार्यालय, बीरगञ्ज	२०	शाखा कार्यालय, डोटी	२७	शाखा कार्यालय, इलाम
७	शाखा कार्यालय, विर्तामोड, झापा	१४	शाखा कार्यालय, पोखरा	२१	शाखा कार्यालय, बालाजु	२८	शाखा कार्यालय, बाग्लुङ्ग

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

प्रचलित कम्पनी ऐन बमोजिम एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड २०६४ साल कार्तिक २७ गते कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भई वीमा समितिबाट बीमा ऐन, २०४९, को दफा १० (३) तथा बीमा नियमावली, २०४९ को नियम ८(१) बमोजिम वीमकको रुपमा जीवन बीमा व्यवसाय गर्न पाउने गरि स्वीकृति प्राप्त गरि मिति २०६४/१२/२१ गतेदेखि कारोवार संचालन गरिरहेको छ। यस कम्पनीको संस्थापकहरुमा बैंकिङ्ग, फाइनान्स, इन्स्योरेन्स, ट्रेडिङ्ग, उत्पादन, व्यापार तथा विभिन्न व्यावसाय क्षेत्रहरुमा लामो समय देखि आवद्ध रहेका तथा अनुभव हासिल गरेका देशका ख्यातिप्राप्त व्यक्तित्व/संस्थाहरु रहेका छन्।

बीमा ऐन, बीमा नियमावली, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही जिवन बीमा सम्बन्धी कारोवार गर्ने र यस बाट संकलित पूँजी देशको आर्थिक विकासमा लगाउने मुख्य उद्देश्य रहने गरि यस कम्पनिको उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

१) बीमा ऐन तथा नियमहरुको अधिनमा रहि विभिन्न प्रकारको जीवन बीमा व्यवसाय गर्ने।
२) सावधिक जीवन बीमा, अग्रिम भुक्तानी सावधिक जीवन बीमा, आजीवन जीवन बीमा, बालबच्चा जीवन बीमा, म्यादी जीवन बीमा तथा अन्य विभिन्न प्रकारका बहुउपयोगी जीवन बीमा सम्बन्धी कार्यहरु सञ्चालन गर्ने गराउने।
३) जीवन बीमाका विभिन्न स्किम भित्र पुरक करार अन्तर्गत दुर्घटना सम्बन्धी जोखिमलाई समेत समावेश गरी शारिरिक अंगभंग सहितको बीमा संचालन गर्ने।
४) जन चाहना अनुसार जीवन बीमालेख अर्न्तगत पुरक करारसंग आवद्ध गरी औषधि उपचार वीमा योजना (Medical Insurance) निवृत्तिभरण (Pension) योजना, Annuity सम्बन्धी योजना, संघ, संस्था, कार्यालय, कारखानामा काम गर्ने कामदारहरुको जीवन वीमालेख अन्तर्गत पुरक करारसंग आवद्ध गरि दुर्घटना, खतरा र क्षतिलाई सोधभर्ना गर्ने गरि बीमा योजना सञ्चालन गर्ने गराउने।
५) प्रचलित ऐन,नियम अन्तर्गत सहायक कम्पनि स्थापना गर्ने वा अन्यले स्थापना गर्ने कम्पनिमा सहभागी हुने।
६) विभिन्न कम्पनिको संस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने।
७) कम्पनीद्वारा सञ्चालित विभिन्न व्यवसायको संरक्षण सम्बर्धनका लागी मनासिव ठानिएमा स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसंग पुनर्बीमा गर्ने/गराउने।
८) कम्पनीको शेयर पूँजी तथा कम्पनिद्वारा सञ्चालित विभिन्न व्यवसायबाट प्राप्त रकम,प्राप्त व्याज तथा अन्य आय,बीमा समितिद्धारा निर्देश गरिए बमोजिम कम्पनिले ठीक ठहराएको अधिराज्य भित्रका बिभिन्न क्षेत्रका चल अचल सम्पत्तिमा लगानी गर्ने र सो लगानीको असुल उपर, बिक्रि वितरण र सुरक्षाका लागी आवश्यक व्यवस्था गर्ने।
९) स्वदेशी वा विदेशी बीमा कम्पनिहरुसंग मिलि वा छुट्टा छुट्टै किसिमको बीमा, पूनर्बीमा सम्बन्धि व्यवसाय गर्ने गराउने साथै तीनको प्रतिनिधि भई काम गर्ने गराउने।
१०) कम्पनीको कुनै सम्पति भाडामा दिने, बिक्रि गर्ने वा अन्य प्रकारबाट बन्दोबस्त गर्ने।
११) कम्पनीले मनासिव सम्झेमा प्रचलित ऐन, कानून अन्तर्गत र सम्बन्धित निकायबाट स्वीकृति लिई विदेशमा लगानी गर्ने।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजी** : यस कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) **जारी पूँजी** : यस कम्पनीको जारी पूँजी रु.२,०१,०७,६०,७२७.०४ (अक्षरेपी दुई अर्ब एक करोड सात लाख साठी हजार सात सय सत्ताईस रुपैया चार पैसा) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २,०१,०७,६०७.२७ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) **चुक्ता पूँजी** : यस कम्पनीको चुक्ता पूँजी रु.१,२५,६७,२५,४५४/- (अक्षरेपी एक अर्ब पच्चीस करोड सत्सठी लाख पच्चीस हजार चार सय चवन्न) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका १,२५,६७,२५४.५४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,०१,०७,६०,७२७.०४ (अक्षरेपी दुई अर्ब एक करोड सात लाख साठी हजार सात सय सत्ताईस रुपैंया चार पैसा) हुनेछ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	१,४०,२५,३०८.५४	७०%	१,४०,२५,३०,८५४/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित)	६०,८२,२९८.७३	३०%	६०,८२,२९,८७३/-	शतप्रतिशत
	जम्मा	२,०१,०७,६०७.२७	१००%	२,०१,०७,६०,७२७/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम	पद	योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	दिपक कुमार श्रेष्ठ	अध्यक्ष	स्नातक	पूर्व संचालक, सानिमा हाईड्रोपावर कम्पनी लि. (४ बर्षको अनुभव), पूर्व संचालक, हिमचुली विकास बैंक लि. (६ बर्षको अनुभव), अध्यक्ष बि.डी.एम. ट्रेडिङ्ग कम्पनी ३ बर्ष, अध्यक्ष, प्रथम इन्भेष्टमेन्ट प्रा.लि. १ बर्ष	संस्थापक समूह
२.	सुशान्त चाचान	संचालक	एम.वि.ए.	निर्देशक, आदर्श पोलि प्लाष्टिक प्रा.लि., विगत ५ बर्षको अनुभव	संस्थापक समूह
३.	सुरेन्द्र कुमार गोयल	संचालक	स्नातक	अध्यक्ष, अरबिन्द ईम्पोरियम प्रा.लि., विगत ३० बर्षको अनुभव, हाल शिबम् सिमेन्ट लि.को अध्यक्ष	संस्थापक समूह
४.	शिल्पा प्रधानाङ्ग	संचालक	एम.वि.ए.	प्रबन्धक, गुहेश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फा.लि.	संस्थापक समूह
५.	रवि कुमार गुप्ता	संचालक	बि.एस.सी.	संचालक, कृष्णा नेपाल ट्रेडिङ प्रा.लि.विगत १५ बर्षको अनुभव	सर्वसाधारण समूह
६.	शौरभ रुंगटा	संचालक	स्नातक	डाईरेक्टर, आर आर पोलिकोटिङ एण्ड लेमिनेशन, विगत ४ बर्षको अनुभव	सर्वसाधारण समूह

नोटः हाल सञ्चालक समितिबाट नियुक्त हुने स्वतन्त्र सञ्चालक - १ (एक) नियुक्त हुन बाँकी।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम	ठेगाना	शैक्षिक योग्यता	अनुभव/पद
श्री राजेश कुमार श्रेष्ठ	७/२८१, रेशमकोठी, वीरगंज, पर्सा (हाल ५४/१० भिमसेनगोला, पुरानो बानेश्वर काठमाण्डौं)	एम.बि.ए., वि.एल.	नेपाल बैंक लिमिटेडमा १७ बर्ष, उप-प्रबन्धक, एनसिसि बैंक लिमिटेडमा ३ बर्ष, उप-प्रबन्धक, महालक्ष्मी फाईनान्स लिमिटेडमा ५ बर्ष, प्रमुख कार्यकारी अधिकृत, एशियन लाईफ इन्स्योरेन्स क.लि. मा विगत ६ वर्ष देखि प्रमुख कार्यकारीको रुपमा कार्यरत।

८. संचालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछः

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ जना
सञ्चालक समितिबाट नियुक्त गरेको स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	७ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.१,२५,६७,२५,४५४.०० को एक शेयर बराबर शुन्य दशमलव छ शेयर (१ : ०.६) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.६ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.७५,४०,३५,२७३.०० बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ७५,४०,३५२.७३ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव छ शेयर (१ः ०.६) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन्। स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन। तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ। यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ। यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ। स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			ले.प. नभएको		प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	दोश्रो त्रैमासिक आ.ब.०७५/०७६	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
श्रोत								
१ चुक्ता पूँजी	६७१,३२८	६७१,३२८	८०५,५९३	१,२५६,७२५	१,२५६,७२५	२,०१०,७६०	२,०१०,७६०	२,०१०,७६०
२ जगेडा तथा कोषहरु	१९३,६४३	२८२,०३९	१८९,८५०	२४९,९२६	२,६३,४४६	२४९,६८५	२५०,६२६	२०८,५७८
३ जीवन वीमा कोष	५,८५४,८२३	७,७४४,३२५	१०,०००,१११	१२,९२०,५४८	१५,००१,३२७	१६,७८२,०९८	२१,७७०,४८०	२८,१४६,६७३
४ महा-विपत्ती जगेडा	२०,६१९	३१,२२६	३७,२५०	४२,८८०	३७,२५०	७०,७८०	१०४,३९७	१४४,४०९
५ तिर्न बाँकी दिर्घकालीन ऋण तथा सापट	-	-	-	-	-	-	-	-
कुल स्रोत	६,७४०,४१२	८,७२८,९१८	११,०३२,८०४	१४,४७०,०७९	१६,५५८,७४९	१९,११३,३२३	२४,१३६,२६४	३०,५१०,४२०
उपयोग								
६ स्थिर सम्पत्ति (खुद)	२०३,३५६	२११,३६२	२२५,७१३	२२४,२६२	२३४,१४६	३००,५००	३५०,३००	४५०,६००
७ दीर्घकालीन लगानी	५,२४०,१०६	६,९९२,३१५	८,८१५,५८६	१२,२५२,१६१	१३,८७१,७७०	१५,४५०,०००	१८,०५०,०००	२२,६५०,०००
८ बीमालेखको धितोमा कर्जा	१७५,७७७	२८४,१५०	४५५,३५८	८३३,२१६	१,०६४,६३९	१,००१,६५१	२,०९१,०००	२,५९१,०००
९ अन्य दिर्घकालीन कर्जा	३७,९१९	४४,९१७	४५,४५१	४७,४९९	-	८५,०००	१०६,०००	१५०,५००
१० चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु नगद तथा बैंक मौज्दात	२१४,४९९	२२४,७५७	५६५,०३५	३६८,४३५	३२४,९९६	८१७,५२१	१,०६२,९०६	१,१४७,४१८
११ अल्पकालीन लगानी	३७७,५५७	३१३,१९३	२२२,९४६	३२७,८५४		१,०५५,०००	१,६८०,०००	२,३०२,५००
१२ अन्य अल्पकालीन कर्जा	३३,०८६	३६,१०२	६७,६५८	६१,७३७	४१७,६४९	२८०,५००	६२३,६७५	८०३,२००
१३ अन्य सम्पत्ति	६२६,५५६	८४६,१०९	९४०,९३८	८३४,३०५	९२८,३५०	८२५,०००	१,०७५,५००	१,३२०,०२०
जम्मा (क) (१०+११+१२+१३)	१,२५१,६९७	१,४२०,१६१	१,७९६,५७७	१,५९२,३३१	१,६७०,९९५	२,९७८,०२१	४,४४२,०८१	५,५७३,१३८
चालु दायित्व तथा व्यवस्थाहरु								
१४ चालु दायित्व	१२८,९०७	१६५,५०७	१६७,०२३	२६९,०३१	४०,१३५	४७८,४४९	६५२,८६६	६२३,३१८
१५ असमाप्त जोखिम वापत व्यवस्था	-	-	१३१	-	-	-	-	-
१६ भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	५,८८२	८,६४९	११,८४४	१६,३२२	११,७१३	२२,५००	२५,२५०	३१,५००
१७ अन्य व्यवस्था	३३,७२१	४९,८३०	१२६,८८३	१९४,०३७	२३०,९५३	२००,९००	२२५,०००	२५०,०००
जम्मा (ख) (१४+१५+१६+१७)	१६८,५१०	२२३,९८६	३०५,७५०	४७९,३९०	२८२,८०१	७०१,८४९	९०३,११६	९०४,८१८
१८ खुद चालु सम्पत्ति (ग)= (क) - (ख)	१,०८३,१८७	१,१९६,१७४	१,४९०,८२७	१,११२,९४१	१,३८८,१९३	२,२७६,१७२	३,५३८,९६४	४,६६८,३२०
१९ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	६६	-	-	-	-	-	-	-
२० नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-	-	-
कूल उपयोग	६,७४०,४१२	८,७२८,९१८	११,०३२,८०४	१४,४७०,०७९	१६,५५८,७४९	१९,११३,३२३	२४,१३६,२६४	३०,५१०,४२०

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			ले.प. नभएको		प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	दोश्रो त्रैमासिक आ.ब.०७५/०७६	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१ आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	-	-	२१	-	-	-	-	-
२ जीवन बीमा कोषबाट सारेको	४०,२०४	७२,७१०	९४,६२१	१५५,०००	-	१७०,७५०	२००,५२५	२५०,५५०
३ लगानी, कर्जा तथा अन्यबाट आय	४०,३१३	५६,७२५	६८,५६०	११३,८२५	५९,७३२	१५०,०६५	१८०,०७८	२१६,०९३
४ व्यवस्था फिर्ता	४,५००	५,५००	२,३७३	७९,०७४	११४,५५५	२४०,००२	२००,५००	१५२,५००
५ अन्य आम्दानी	-	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	८५,०१७	१३४,९३५	१६५,५७६	३४७,८९९	१७४,२८८	५६०,८१७	५८१,१०३	६१९,१४३
खर्च विवरण								
६ व्यवस्थापन खर्च	२४,५५६	२५,८५२	२९,६८६	४२,४३२	१६,७५३	५०,४११	५८,८१३	७३,५१७
७ अपलेखन खर्च	-	-	-	-	-	-	-	-
८ शेयर सम्बन्धी खर्च	३२०	-	७९८	३,५३७	-	३,०००	-	-
९ अन्य खर्चहरु	-	-	-	-	४७५	-	-	-
१० नोक्सानीको लागि व्यवस्था	-	-	७९,०७४	२४०,००२	१२५,२३९	२००,५००	१५२,५००	१०५,५००
११ कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-	-
१२ कर्मचारी बोनस व्यवस्था	५,४६७	९,९१७	५,०९३	५,६३०	२,८९३	२७,९००	३३,६१७	४०,०१२
१३ समायोजीत आयकर (अ)	-	-	-	-	-	-	-	-
१४ आ) आयकर	-	-	-	-	-	-	-	-
१५ इ) स्थगनकर (सम्पति)/दायित्व	२३,३९९	(६,९०४)	२८१	-	-	-	-	-
१६ जीवन बीमा कोषमा सारेको	-	-	-	-	-	-	-	-
जम्मा खर्च (ख)	५३,७४२	२८,८६५	११४,९३१	२९१,६०१	१४५,३६०	२८१,८१२	२४४,९३१	२१९,०२८
१७ खुद मुनाफा/नोक्सान (क-ख)	३१,२७५	१०६,०७०	५०,६४४	५६,२९८	२८,९२८	२७९,००५	३३६,१७२	४००,११५
१८ अघिल्लो वर्षको शेयर प्रिमियम	-	९,७४८	-		-			
१९ अघिल्लो वर्षबाट सारिएको नाफा/(नोक्सान)	१,०७६	५२,६२३	९,५९७	३,६१९	-	५४,२८७	५४,०४६	५४,९८७
बाँडफाँटको लागी उपलब्ध रकम	३२,३५१	१६८,४४०	६०,२४२	५९,९१७	२८,९२८	३३३,२९२	३९०,२१९	४५५,१०३
क) स्थगन कर जगेडा	(२३,३९९)	६,९०४	(२८१)	-	-	-	-	-
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-	-
२० घ) अन्य जगेडा	-	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभाँश	-	-	-	-	-	-	-	-
अ) वोनस शेयर	-	१३४,२६६	४८,३३६		-	-	-	-
आ) नगद लाभाँश	-	७,०६७	२,५४४	-	-	२५१,३४५	३०१,६१४	४०२,१५२
च) महाविपत्ती जगेडा	३,१२७	१०,६०७	६,०२४	५,६३०	-	२७,९००	३३,६१७	४०,०१२
२१ वासलातमा सारेको नाफा/(नोक्सान)	५२,६२३	९,५९७	३,६१९	५४,२८७	२८,९२८	५४,०४६	५४,९८७	१२,९३९
शेयर संख्या (हजारमा)	६,७१३	६,७१३	८,०५६	१२,५६७	१२,५६७	२०,१०८	२०,१०८	२०,१०८
प्रति शेयर आम्दानी (रु.)	८.१४	१४.७७	६.३२	४.४८	४.६	१३.८८	१६.७२	१९.९०

एकिकृत आय-व्यय हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			ले.प. नभएको		प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	दोश्रो त्रैमासिक आ.ब.०७५/०७६	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
आम्दानी								
१ बीमा शुल्क खुद	१,६४१,१९८	१,९९९,५००	२,२७८,५०५	२,९९८,५८८	१,७३४,८८८	३,८०२,५००	४,९४३,२५०	६,४२६,२२५
२ पूर्नबीमा कमिशन आय	१,३४२	-	-	-	-	-	-	-
३ लगानी, कर्जा तथा अन्यबाट आय	३३७,३५२	५४४,१८०	७४३,०१८	९८०,१०४	६५१,५९३	१,३५०,५८३	१,६२०,७००	१,९४४,८४०
४ बीमालेखको धितोमा कर्जाबाट आय	६,८९६	१०,३६६	१७,८१९	२९,३६९	२१,३६६	३५,२४३	४२,२९१	५०,७५०
५ अन्य प्रत्यक्ष आय	११,९१०	१४,२२९	२५,३४४	२०,५९३	१३,७४७	२४,७१२	२९,६५४	३५,५८५
६ आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	५,१३१	५,८८२	८,६४९	११,८४४	१७,०५७	१६,३२२	२२,५००	२५,२५०
७ आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	-	-	-	-	-	-	-	-
जम्मा आय (क)	२,००३,८२९	२,५७४,१५६	३,०७३,३३६	४,०४०,४९८	२,४३८,६५१	५,२२९,३६०	६,६५८,३९६	८,४८२,६५०
व्यय								
८ दाबी भुक्तानी खुद	१११,०६२	११६,५०८	१६६,०७०	१८४,९७५	१५०,११४	२२१,९७०	२६६,३६४	३१९,६३७
९ अभिकर्ता कमिशन	१८१,२९८	२३१,८७१	२५३,१९४	३३७,०२०	२१३,२४६	४५६,३००	५९३,१९०	७७१,१४७
१० स्वस्थ्य परीक्षण शुल्क	२,८०२	२,२५३	१,७१३	१,९९३	५९८	४,५६३	५,९३२	७,७११
११ पूर्नबीमा कमिशन खर्च	-	-	-	-	-	-	-	-
१२ सेवा शूल्क खुद	१६,४१२	१९,९९५	२२,७८६	२९,९८६	१७,३४९	३८,०२५	४९,४३३	६४,२६२
१३ अन्य प्रत्यक्ष खर्च	-	-	-	-	-	-	-	-
१४ व्यवस्थापन खर्च	२२१,००३	२३२,६६८	२६७,१७२	३९४,७६५	१५०,७७६	४५३,७०२	५२९,३१९	६६१,६४९
१५ आयकर	-	-	-	-	-	-	-	-
१६ आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	५,८८२	८,६४९	११,८४४	१६,३२२	११,७१३	२२,५००	२५,२५०	३१,५००
१७ आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था	-	-	१३१	-	-	-	-	-
जम्मा व्यय (ख)	५३८,४५९	६११,९४४	७२२,९०८	९६५,०६१	५४३,७९६	१,१९७,०६१	१,४६९,४८८	१,८५५,९०७
१८ जीवन बीमा कोषमा सारेको बचत (क)-(ख)	१,४६५,३७०	१,९६२,२१३	२,३५०,४०७	३,०७५,४३७	१,८९४,८५५	४,०३२,३००	५,१८८,९०८	६,६२६,७४३
१९ नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) (क)-(ख)	-	-	२१	-	-	-	-	-

०७४/०७५ तथा ०७५/०७६ को दोश्रो त्रैमासिक वित्तीय विवरण अपरिष्कृत भएको हुँदा लेखापरिक्षण तथा नियमक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्ने। साथै बीमाङ्किय मुल्याङ्कन बाट प्राप्त हुने आम्दानी अनुमानित भएकोले घटबढ हुन सक्ने।

कम्पनीको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकि हुने खुद सम्पत्ति (नेटवर्थ):

विवरण	वास्तविक (रु. हजारमा)			ले.प. नभएको		अनुमानित (रु. हजारमा)		
	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	दोश्रो त्रैमासिक आ.ब.०७५/०७६	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/०७८
१ चुक्ता पूँजी	६७१,३२८	६७१,३२८	८०५,५९३	१,२५६,७२५	१,२५६,७२५	२,०१०,७६०	२,०१०,७६०	२,०१०,७६०
२ जगेडा तथा कोष	१९३,६४३	२८२,०३९	१८९,८५०	२४९,९२६	२६३,४४६	२४९,६८५	२५०,६२६	२०८,५७८
३ जीवन बीमा कोष	-	-	-	-	-	-	-	-
४ महा-विपत्ती जगेडा	-	-	-	-	-	-	-	-
५ तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-	-
खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ)	८६४,९७०	९५३,३६७	९९५,४४३	१,५०६,६५१	१,५२०,१७२	२,२६०,४४५	२,२६१,३८६	२,२१९,३३८
६ घटाउने : स्थगन खर्च	-	-	-	-	-	-	-	-
नेटवर्थ	८६४,९७०	९५३,३६७	९९५,४४३	१,५०६,६५१	१,५२०,१७२	२,२६०,४४५	२,२६१,३८६	२,२१९,३३८
७ शेयर संख्या (हजारमा)	६,७१३	६,७१३	८,०५६	१२,५६७	१२,५६७	२०,१०८	२०,१०८	२०,१०८
८ प्रति शेयर नेटवर्थ (रु.)	१२९	१४२	१२४	१२०	१२०.९६	११२	११२	११०
९ नेटवर्थमा औषत प्रतिफल	३.६२	११.१३	६.७८	३.७४	३.८०	१२.३४	१४.८७	१८.०३

निष्काशन पूर्वको प्रतिशेयर आम्दानी (EPS) कायम राख्न वृद्धिहुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफलः ११.९२
नेटवर्थ गणना गर्दा स्थगन कर सम्पत्ती समेत समावेश छ।

नोटः आर्थिक बर्ष २०७३/७४ को आषाढ मसान्तसम्मको वित्तीय विवरण लेखापरीक्षण भइसकेको तथा प्रक्षेपित वित्तीय विवरणलाई चार्टड एकाउन्टेण्ट श्री राजाराम कँडेलले पुनरावलोकन गरी प्रमाणित गर्नु भएकोछ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

(१) हाल संचालनमा रहेका तथा नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने सम्भावित जोखिमहरु।
- अप्रत्यासित र असामान्य वीमा दावीमा बृद्धि हुन गएमा कम्पनीको कारोवार र मुनाफामा पर्ने आर्थिक जोखिमहरु,
- नेपाल सरकारको आर्थिक नीति, वीमा सम्बन्धी नीतिहरु,औद्योगिक व्यावसायीक र वाणिज्य नीतिहरु, मुद्रा विनिमय सम्बन्धी नीतिहरु, बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिहरुमा परिवर्तन भएमा कम्पनीको कारोवार र मुनाफामा असर पर्न गई सृजना हुन सक्ने जोखिमहरु,
- पूनर्वीमा कम्पनीहरु टाट्पल्टेमा (दामासाहीमा) र पूनर्वीमागर्नु पर्ने आर्थिक जोखिमहरु।

(२) उल्लेखित जोखिमलाई न्यून गर्न कम्पनीले गरेका न्यूनिकरण हुने आधारहरु :
- यस कम्पनीले अन्तर्राष्ट्रिय पूनर्वीमा कम्पनीसँग पूनर्वीमा गराएको छ। जसले गर्दा कम्पनीको दायित्व भुक्तानी गर्ने व्यवस्थालाई सुनिश्चित गर्दछ।
- कम्पनीले अप्रत्याशित रुपमा पर्नसक्ने बीमा दावीको जोखिमलाई न्यूनिकरण गर्न प्रति ग्राहक रु.४,००,०००/- भन्दा बढीको क्षतिको लागि पुनर्बीमा व्यवस्था गरेकोछ। त्यसैगरी रु.४,००,०००/- सम्मको लागि महाविपत्ति बीमा (Catastrophy Insurance) को व्यवस्था समेत गरी संभावित क्षतिलाई न्यूनिकरण गरिएकोछ।
- बीमा बजारमा हुने प्रतिस्पर्धाको लागी कम्पनिले आवश्यक जनशक्ति विकासमा ध्यान पुऱ्याएको छ।
- बीमा ऐन र नियमावली बमोजिम कम्पनीले हरेक बर्षको मुनाफाबाट पर्याप्त मात्रामा जगेडा कोषको व्यवस्था गर्नेछ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति सेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन्।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
३) हकप्रद शेयर खरिदका लागि दिईने दरखास्त फारममा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ को उपदफा १ बमोजिम देहायको विवरण खुलाउनु पर्नेछः (क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा), (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम, (ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम, (घ) आवेदकको स्थायी ठेगाना, (ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर, (च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर, (छ) धितोपत्र अभौतिकरण गर्ने (डिम्याट) खाता नम्बर, (ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम, (झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर), (ञ) आवेदन फाराम बुझाएको संकलन केन्द्रको नाम तथा ठेगाना, (ट) आवेदन फाराम बुझाएको मिति।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरप्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। साथैकुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।

१६. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७२/०७३	१,९८९	९६०	१,७१०	१,२०४.०५
०७३/०७४	१,९३०	९०२	१,४५८	१,२७४.८०
०७४/०७५	१,७२३	५२९	६८३	८३०.८९

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७५ पौष	६५८	४८४	६१२	१८८.८२
२०७५ माघ	६४५	५७७	५८१	५२.७०
२०७५ फागुन	५९६	३७०	३९७	१४२.९७

द्रष्टब्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस (३०) दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ।

१९. आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,
(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को **अनुसूची**-११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) श्री बीमा समितिको निर्देशन बमोजिम चुक्ता पूँजी कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न।
२) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७५/२/१९ गते सम्पन्न दशौं बार्षिक साधारणसभाबाट एक शेयर बराबर शुन्य दशमलव छ शेयर (१ :०.६) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।
३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
४) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ।

क्र.सं.	लगानी शिर्षक	रकम (रु.)
१.	बाणिज्य बैंक निक्षेप	करिब रु.७०,००,००,०००/-
२.	पब्लिक कम्पनीको शेयरमा लगानी	करिब रु.५,४०,३५,२७३/-
	जम्मा	करिबरु.७५,४०,३५,२७३/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ।	००१०१०१०३३३६९६
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ।	००१०००६५७७००००४
३.	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौं।	०१३१०४००१२०५३६००००१६
४.	श्री कामना सेवा विकास बैंक लिमिटेड, न्यूरोड, काठमाण्डौं।	०६१००३००२३०७०२००००१

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५(पैंतिस) दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता कम्पनीले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१ श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा शाखा कार्यालयहरुः लालदरवार, काठमाण्डौं, लगनखेल ललितपुर, चिप्लेढुङ्गा पोखरा, ट्राफिकचोक बुटवल, आदर्शनगर बीरगञ्ज र गोल्छाचोक विराटनगर।

२. एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, मैतीदेवी, काठमाण्डौ तथा शाखा कार्यालयहरु : (१) बनेपा, काभ्रे (२) काठमाण्डौ (३) सुर्खेत (४) बुटवल, रुपन्देहि (५) दमक, झापा (६) महेन्द्रनगर (७) विर्तामोड, झापा (८) विराटनगर (९) नारायणगढ, चितवन (१०) नेपालगञ्ज (११) धरान, सुनसरी (१२) दाङ्ग (१३) बीरगञ्ज (१४) पोखरा (१५) धनगढी (१६) हेटौडा (१७) लहान (१८) नुवाकोट (१९) जनकपुर (२०) डोटी (२१) बालाजु (२२) टीकापुर (२३) जावलाखेल (२४) पाल्पा (२५) घोराही (२६) जुम्ला (२७) इलाम (२८) बाग्लुङ्ग।

३. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा (ASBA-Application Supported by Blocked Amount) सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत आस्वा (ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ। शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन। हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. को वेवसाइट www.asianlife.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लि. को वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी एशियन लाईफ इन्योरेन्स कम्पनी लि.को वेवसाइट www.asianlife.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्स नेपाल लि., जमल, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "केयर एनपि आईपिओ ग्रेड ३" प्रमाणपत्र प्राप्त गरेको छ। "केयर एनपि आईपिओ ग्रेड ३"ले औसत (Average Fundamentals) आधारहरु जनाउँदछ। केयर रेटिङ्स नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ।

२६. संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको संचालक तथा आधारभुत शेयरधनीहले जम्मा रकम रु. ३१,२८,८९,५००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउँछौं।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।



दरखास्त फारामको नमूना

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

संस्थापक ☐
सर्वसाधारण ☐

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स क. लि.
पो.ब.नं. २५९४३, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ फोन नं.: ४४३०२७०,४४१०११५ फ्याक्स नं.: ४४४२१३८
कम्पनीको रजिष्टर्ड कार्यालयः वडा नं. ७, मेनरोड, बीरगंज, पर्सा
Email:asianlife@asianlife.com.np, Website:www.asianlife.com.np

मितिः २०७५/ /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फत:
एनआईबिएल एस क्यापिटल लिमिटेड

कोड नं. ☐☐☐
शेयरधनी नं./परिचय नं. ☐
हितग्राही खाता नं. DP ID ☐ Client ID ☐

श्री संचालक समिति,
एशियन लाईफ इन्स्योरेन्स कं. लिमिटेड
मैतिदेवी, काठमाडौं, नेपाल।

महाशय,

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/११/२१ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा …………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको एक शेयर बराबर शुन्य दशमलब छ शेयर (१ : ०.६) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा …………… कित्ता तथा हक हस्तान्तरण भै आएको …………… कित्ता गरि जम्मा……………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID		
जम्मा			Client ID		

प्यान नं. ☐ प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना … चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना … भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम: नेपालीमा श्री/श्रीमती/सुश्री/नावालक; In English Mr./Mrs./Miss/Minor … USE CAPITAL LETTER
स्थायी ठेगाना: वडा/घर नं./टोल … गा.वि.स./न.पा.
Address: Ward/House No./Tole … VDC/Municipality
जिल्ला … P.o Box No:/District … नागरिकता प्र.नं./जारी भएको जिल्ला
District … Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's/Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नावालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो। नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ।
३. चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फत:
एनआईबिएल एस क्यापिटल लिमिटेड

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	ASIAN LIFE INSURANCE COMPANY LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL ACE CAPITAL
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)